"गुणस्तरीय वस्तु वा सेवामा उपभोक्ताको अधिकार : हामी सबैको सरोकार"


गण्डकी प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
पर्यटन, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय
पोखरा, नेपाल
टेलिफोन नं. ०६१-५८५१६६/४५०८७६


# उत्पादक तथा बिक्रेतावर्गमा अनुरोध

१. सम्बन्धित निकायमा व्यवसाय दर्ता गरेर मात्र कारोबार सुरुवात गरौं ।

२. उत्पादकले आफूले उत्पादन गरेको वस्तुको लेवलमा निम्न कुराहरु नेपाली वा अंग्रेजी भाषामा अनिवार्य रुपमा उल्लेख गरौं :-

- ★ उत्पादकको नाम, ठेगाना र उद्योगको दर्ता नम्बर,
- ★ खाद्य पदार्थ र औषधी तथा औषधीजन्य वस्तुको उत्पादनमा प्रयोग भएका तत्वहरुको मिश्रण, त्यसको परिमाण र तौल (कुल तौल र खुद तौल)
- ★ गुणस्तर निर्धारण भएका उपभोग्य वस्तुमा सो वस्तुको गुणस्तर र प्रमाण चिन्ह,
- ★ उपभोग्य वस्तुको अधिकतम खुद्रा मूल्य, व्याच नम्बर, उत्पादन मिति र उपभोग मिति,
- ★ उपभोग्य वस्तु प्रयोग गर्ने तरिका, प्रयोग गर्दा हुनसक्ने प्रभाव र अपनाउनुपर्ने सावधानी,
- ★ तुरुन्त खान मिल्ने पदार्थ र दुग्धजन्य पदार्थको हकमा खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागको अनुज्ञापत्रको दर्ता नम्बर
- ★ इलेक्ट्रोनिक, हार्डवयर तथा यान्त्रिक सामानहरुको वारेन्टी तथा ग्यारेन्टी तथा वितरणहरु एवं ग्यारेन्टी मिति र आवश्यक अन्य विवरणहरु,
- ★ सेवा प्रदायकले प्रदान गर्ने सेवाको शुल्क, अवधि, समय, तरिका र अन्य आवश्यक विवरणहरु,
- ★ प्रज्वलनशील, दुर्घटनाजन्य वा सजिलै टुटफुट हुन सक्ने उपभोग्य वस्तुमा सो वस्तुको सुरक्षाका लागि अपनाउनुपर्ने कुराहरु

३. कारोवारस्थलमा सबैले देख्ने गरी साइनबोर्ड राखौं ।

४. बिक्रेताले उपभोग्य वस्तुको थोक र खुद्रा मूल्य सूची बिक्रीस्थलमा सबैले देख्ने ठाउँमा राखौं ।

५. सम्पूर्ण उत्पादक, वितरक तथा बिक्रेताहरुले म्याद नाघेका र टुटफुट भएका सामानहरु एउटा छुट्टै क्षेत्र (Expire Zone) मा राखी उक्त स्थामा बिक्रीका लागि होइन (Not for sale) भन्ने सूचना राखौं ।

६. कसैले माग, आपूर्ति र मूल्यमा प्रतिकूल प्रभाव पार्ने कार्य गरेमा, उपभोग्य वस्तुमा उल्लेख गर्नुपर्ने कुराहरु उल्लेख नगरेमा, उपभोक्ताको स्वास्थ्यमा प्रतिकूल असर पर्ने किसिमको उपभोग्य वस्तु वा सेवा उत्पादन वा बिक्री वितरण गरेमा वा तोकिए बमोजिमका अन्य दायित्व पूरा नगरेमा कसुरवालालाई उपभोक्ता संरक्षण ऐन, २०७५ बमोजिम पाँच वर्षसम्म कैद वा छ लाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुन सक्नेछ ।

"जिम्मेवार व्यवसायी बनौं, उपभोक्ता प्रतिको दायित्व निर्वाह गरौं"

# सम्पूर्ण खाद्य उद्योगी, होटल रेष्टुरेण्ट व्यवसायी, मिठाई व्यवसायी, खाद्य पदार्थसँग सम्बन्धित व्यापारी तथा व्यवसायीहरूमा हार्दिक अपिल

- ★ खाद्य उद्योगहरुले खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयबाट अनुज्ञापत्र लिएर मात्र आफ्नो उत्पादन बिक्री वितरण गर्नुपर्नेछ ।
- ★ कुनै पनि प्याक गरिएको खाद्य पदार्थको लेबुलमा ब्याच नं., उत्पादन मिति, उपभोग्य मिति,समिश्रण, तौल,मूल्य र उत्पादकको पूरा नाम र ठेगाना अनिवार्य रुपमा उल्लेख हुनुपर्नेछ ।
- ★ दुषित, न्यूनस्तरका, सडेगलेको, म्याद गुज्रेका खाद्य वस्तु, तथा हानिकारक पदार्थ प्रयोग गरी खाद्य वस्तु उत्पादन गर्न मनाही छ ।
- ★ पानी, दूध तथा सम्पूर्ण खाद्य व्यवसायीले खाद्य पदार्थको उत्पादन, बिक्री वितरण, भण्डारण, गुण नियन्त्रण, सरसफाइको व्यवस्था गर्नुपर्ने र सो को अभिलेख राख्नु पर्नेछ ।
- ★ उपभोग्य मिति समाप्त भएका खाद्य पदार्थ पसलमा बिक्रीको लागि राख्न नहुने । उपभोग्य मिति समाप्त भएमा "म्याद गुज्रेका खाद्य पदार्थ" भन्ने ट्याग लगाएर छुट्टै राख्न सकिने तर जति सक्दो चाँडो नष्ट गर्ने व्यवस्था गर्नु पर्नेछ ।
- ★ दुषित, न्यूनस्तरका, सडेगलेको, म्याद गुज्रेका खाद्य वस्तु साथै प्रयोग गरी खाद्य वस्तु उत्पादन तथा बिक्री वितरण गर्न मनाही छ ।
- ★ होटल, रेष्टुरेण्ट, मिठाई पसल, चमेना गृह आदिको किचन तथा बसेर खाने ठाउँमा राम्रो सरसफाइ भएको हुनु पर्नेछ ।
- ★ होटलमा काँचो र पकाएको खाद्य पदार्थ तथा मासुजन्य र शाकाहारी खाद्य वस्तु छुट्टाछुट्टै भण्डारण गर्नुपर्नेछ । साथै उचित स्थानमा साबुन, तातो/चिसो पानी र पुछ्ने सफा टावल सहितको सफा शौचालयको व्यवस्था गर्नुपर्नेछ ।
- ★ अखाद्य रङको प्रयोग गर्न हुँदैन र पकाएर खाने वस्तुमा खाद्य रङ पनि प्रयोग गर्न हुँदैन ।
- ★ प्रचलित खाद्य ऐन नियम विपरीत कुनै पनि कार्य नगर्ने र खाद्य वस्तुसम्बन्धी कुनै समस्या भएमा खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयमा सम्पर्क गर्नु हुन अनुरोध छ ।

**नोट : अनुगमनको क्रममा माथि उल्लेखित व्यवस्थाका साथै प्रचलित नियमानुसार सञ्चालन भएको नपाइएमा प्रचलित कानून अनुसार कारावही गरिने व्यहोरा अनुरोध छ ।**


**गण्डकी प्रदेश सरकार**
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
पर्यटन, उद्योग, वाणिज्य तथा उपभेक्ता हित सरक्षण निर्देशनालय
पोखरा, नेपाल
फाने नं. ०६१-५८९१६६/४५०८७६

"गुणस्तरीय वस्तु वा सेवामा उपभोक्ताको अधिकार : हामी सबैको सरोकार"

# गण्डकी प्रदेश सरकार

## उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

## पर्यटन, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय

## पोखरा, नेपाल

# उपभोक्तावर्गमा अनुरोध

१. कारोबारस्थलमा साईनबोर्ड, मूल्य सूची भए/नभएको बारे जानकारी लिने गरौं ।

२. प्याकिङ्ग भएका सामानको लेवलमा उत्पादकको नाम, ठेगाना, र वस्तुको ब्याच नम्बर, तौल, उत्पादन मिति, उपभोग्य मिति, र अधिकतम खुद्रा मूल्य (MRP) भए नभएको हेरेर मात्र सामान खरिद गरौं ।

३. उत्पादन मिति, उपभोग्य मिति नभएको वा केरमेट गरेको वा पुन : लेवलिङ्ग गरेको वस्तु खरिद नगरौं ।

४. वस्तु उत्पादन गर्दा प्रयोग भएको कच्चा पदार्थ, भण्डारण विधि, उपभोग गर्ने तरिका उल्लेख छ छैन हेरेर मात्र खरिद गरौं ।

५. औषधी तथा औषधीजन्य पदार्थहरुको प्याकिङ्गमा उपभोग मिति र प्रयोग गर्ने तरिका छ छैन हेरेर मात्र खरिद गरौं ।

६. वस्तु तथा सेवा खरिद बिल पाउनु उपभोक्ताको अधिकार हो । वस्तु तथा सेवा खरिद गर्दा अनिवार्य रुपमा बिल लिने गरौं ।

७. अखाद्य वा कमसल उपभोग्य वस्तु वा सेवाको बिक्री वितरण भएको भेटिएमा नजिकको वडा कार्यालय वा प्रहरी कार्यालय वा जिल्ला प्रशासन कार्यालय वा पर्यटन, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, गण्डकी प्रदेश, पोखरा, नेपालमा उजुरी गरौं ।

८. कमसल उपभोग्य वस्तु वा सेवाको प्रयोगबाट कुनै हानी नोक्सानी भएमा क्षतिपूर्तिका लागि सम्बन्धित निकायमा उजुरी गरौं ।

९. व्यवसाय दर्ता गरेको व्यवसायीसँग मात्र सामान खरिद गर्ने बानी बसालौं ।

१०. उपभोक्ता हित विपरित कुनै कार्य भएको थाहा भएमा नागरिक खबरदारी गरौं वा यस निर्देशनालयको निम्न टेलिफोन नम्बर, इमेल ठेगानामा जानकारी गराऔं ।

टेलिफोन नं. ०६१-५८९१६६/४५०८७६
Email:-iccrpdpokhara@gmail.com

"सचेत उपभोक्ता बनौं, आफ्नो अधिकारको प्रयोग गरौं"

# सम्पूर्ण खाद्य उद्योगी, होटल रेष्टुरेण्ट व्यवसायी, मिठाई व्यवसायी, खाद्य पदार्थसँग सम्बन्धित व्यापारी तथा व्यवसायीहरूमा हार्दिक अपिल

- ★ खाद्य उद्योगहरुले खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयबाट अनुज्ञापत्र लिएर मात्र आफ्नो उत्पादन बिक्री वितरण गर्नुपर्नेछ ।
- ★ कुनै पनि प्याक गरिएको खाद्य पदार्थको लेबलमा ब्याच नं., उत्पादन मिति, उपभोग्य मिति,समिश्रण, तौल,मूल्य र उत्पादकको पूरा नाम र ठेगाना अनिवार्य रुपमा उल्लेख हुनुपर्नेछ ।
- ★ दुषित, न्यूनस्तरका, सडेगलेको, म्याद गुज्रेका खाद्य वस्तु, तथा हानिकारक पदार्थ प्रयोग गरी खाद्य वस्तु उत्पादन गर्न मनाही छ ।
- ★ खाद्य व्यवसायीले खाद्य पदार्थको उत्पादन, बिक्री वितरण, भण्डारण, गुण नियन्त्रण, सरसफाइको व्यवस्था गर्नुपर्ने र सो को अभिलेख राख्नु पर्नेछ ।
- ★ उपभोग्य मिति समाप्त भएका खाद्य पदार्थ पसलमा बिक्रीको लागि राख्न नहुने । उपभोग्य मिति समाप्त भएमा “म्याद गुज्रेका खाद्य पदार्थ” भन्ने ट्याग लगाएर छुट्टै राख्न सकिने तर जति सक्दो चाँडो नष्ट गर्ने व्यवस्था गर्नुपर्नेछ ।
- ★ होटल, रेष्टुरेण्ट, मिठाई पसल, चमेना गृह आदिको किचन तथा बसेर खाने ठाउँमा राम्रो सरसफाइ भएको हुनु पर्नेछ ।
- ★ होटलमा काँचो र पकाएको खाद्य पदार्थ तथा मासुजन्य र शाकाहारी खाद्य वस्तु छुट्टाछुट्टै भण्डारण गर्नुपर्नेछ । साथै उचित स्थानमा साबुन, तातो/चिसो पानी र पुछ्ने सफा टावल साथै शौचालयको व्यवस्था गर्नुपर्नेछ ।
- ★ अखाद्य रङको प्रयोग गर्न हुँदैन र पकाएर खाने वस्तुमा खाद्य रङ पनि प्रयोग गर्न हुँदैन । प्रचलित खाद्य ऐन/नियम विपरित कुनै पनि कार्य नगर्ने र खाद्य वस्तुसम्बन्धी कुनै समस्या
- ★ भएमा खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध छ ।

**नोट : अनुगमनको क्रममा माथि उल्लेखित व्यवस्थाका साथै प्रचलित नियमानुसार सञ्चालन भएको नपाइएमा प्रचलित कानून अनुसार कारवाही गरिने व्यहोरा अनुरोध छ ।**


**गण्डकी प्रदेश सरकार**

**उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय**

**पर्यटन, उद्योग, वाणिज्य तथा उपभोक्ता हित सरक्षण निर्देशनालय**

**पोखरा, नेपाल**

**फाने नं. ०६१-५८९१६६/४५०८७६**

E-mail: iccrpdpokhara@gmail.com

## उपभोक्ता संरक्षण ऐन, २०७५ बमोजिम वस्तु ढुवानीकर्ता तथा सञ्चयकर्ताको दायित्वबारे जानकारी :-

★ ढुवानीकर्ताको दायित्व: ढुवानीकर्ताले प्रचलित कानून बमोजिम पूरा गर्नुपर्ने अन्य दायित्वको अतिरिक्त देहायको दायित्व पूरा गर्नु पर्नेछ :-

क) ढुवानी गरिने वस्तुको प्रकृति अनुसार निर्धारित अवधिभित्र नै ढुवानी गर्नुपर्ने,

ख) ढुवानी गर्दा वस्तुको गुणस्तरमा ह्रास आउन नदिने,

ग) ढुवानी गर्दा तोकिए बमोजिम सुरक्षात्मक व्यवस्था तथा पालना गर्नुपर्ने शर्तहरु पूर्ण रुपमा पालन गर्ने,

घ) सम्बन्धित निकाय वा अधिकारीले माग गरेको बखत वस्तुको विवरण उपलब्ध गराउने,

ङ) तोकिए बमोजिमका अन्य दायित्व पूरा गर्ने ।

★ सञ्चयकर्ता दायित्व: वस्तुको सञ्चयकर्ताले प्रचलित कानून बमोजिम पूरा गर्नुपर्ने दायित्वको अतिरिक्त देहायको पूरा गर्नु पर्नेछः-

क) वस्तु सञ्चय गर्दा त्यस्ता वस्तुको प्रकृति अनुसार सतर्कता अपनाउने,

ख) वस्तुको किसिम वा प्रकृति अनुसार गुणस्तरमा ह्रास नआउने गरी तोकिए बमोजिम सुरक्षात्मक उपाय अपनाई सञ्चय गर्ने र वस्तुको गुणस्तरमा ह्रास आउने खालको कुनै काम नगर्ने,

ग) उत्पादकले उल्लेख गरेका वस्तुको लेबल वा विवरण फेरबदल नगर्ने,

घ) सम्बन्धित निकाय वा अधिकारीले माग गरेको बखत वस्तुको सञ्चयसँग सम्बन्धित वस्तुको विवरण उपलब्ध गराउने,

ङ) तोकिएको सुरक्षात्मक उपाय अपनाउने,

च) तोकिए बमोजिमका अन्य दायित्व पूरा गर्ने,

"जिम्मेवार व्यवसायी बनौं-उपभोक्ताप्रतिको दायित्व निर्वाह गरौं"
उपभोक्ता हित संरक्षण अभियानमा-
मेरो सहकार्य-तपाईको सहकार्य-हामी सबैको सहकार्य

- ★ खुद्रा व्यापारीलाई बिक्री गरेको खाद्य पदार्थमा कुनै कैफियत भएमा वा उपभोग मिति समाप्त भएमा त्यस्तो खाद्य पदार्थ फिर्ता लिने गरौं

- ★ फिर्ता भएका खाद्य पदार्थको प्याकिङ्मा नयाँ लेवल टाँस गरी वा छपाई गरी पुरानै खाद्य पदार्थ पुन : बिक्री वितरण नगरौं ।

- ★ खाद्य तथा पेय पदार्थको हकमा सम्वन्धित निकायबाट अनुज्ञापत्र लिएर मात्र उत्पादन तथा बिक्री वितरण गर्ने गरौं ।

- ★ उत्पादन तथा आयात भएका वस्तुहरुमा नेपाली वा अंग्रेजी भाषामा स्पष्ट बुझिने गरी लेवल राख्ने गरौं ।

- ★ थोक वा खुद्रा बिक्रेताहरुकले अनिवार्य रुपमा बिक्री बिल दिने गरौं ।

- ★ समान बनेको मिति र उपभोग मिति उल्लेख नभएका वस्तु आयात नगरौं ।

- ★ उपभोग मिति समाप्त भएका, कैफियत देखिएका वस्तुहरु बिक्री वितरण नगरौं,

- ★ उत्पादन मिति, उपभोग मिति, मूल्य, तौल आदिमा केरमेट नगरौं ।

- ★ याद राखौं, हामी सबै उपभोक्ता हौं, उपभोक्ताको हित र स्वास्थ्य माथि खेलवाड गर्नु भनेको सामाजिक अपराध मात्र होइन, नैतिक र कानूनी उपराध पनि हो । त्यसैले यस्तो कार्य कानूनत : दण्डनीय हुन्छ,

- ★ कसैले माग, आपूर्ति र मूल्यमा प्रतिकूल प्रभाव पार्ने

कार्य गरेमा, उपभोग्य वस्तुमा उल्लेख गर्नुपर्ने कुराहरु उल्लेख नगरेमा, उपभोक्राको स्वास्थ्यमा प्रतिकूल असर पर्ने किसिमको उपभोग्य वस्तु वा सेवा उत्पादन वा बिक्री वितरण गरेमा वा तोकिए बमोजिमका अन्य दायित्व पूरा नगरेमा उपभोक्ता संरक्षण ऐन, २०७५ बमोजिम बढीमा पाँच बर्षसम्म कैद वा छ लाख रुपैयासम्म जरिवाना वा दुवै सजाय हुनु सक्नेछ ।

उपभोक्ता संरक्षण ऐन, २०७५ तथा अन्य प्रचलित कानूनमा व्यवस्था भएका उपभोक्ताका नैसर्गिक अधिकारहरुको समुचित उपभोगका लागि पर्यटन, उद्योग, वाणिज्य, तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, गण्डकी प्रदेश, पोखरा, नेपाल सदैव तपाईको सहयोगका लाग प्रतिवद्ध छ । सुपथ मूल्यमा गुणस्तरीय वस्तु र सेवाको उपभोग गर्न पाउने उपभोक्ताको हक अधिकार प्रति सजग रहन सम्पूर्ण सरोकारहरुलाई अनुरोध गर्दछौं । साथै, उपभोक्ता हित विपरित कुनै कार्य भएको थाहा भएमा नागरिक खबरदारी गरौं वा यस निर्देशनालयको ठेगानामा साझै वा निम्न टेलिफोन नम्बर वा इमेल ठेगानामा जानकारी गराऔं ।


**पर्यटन, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय,**
गण्डकी प्रदेश, पोखरा, नेपाल
टेलिफोन नं. ०६१-५८९१५५/४५०८७६
Email:iccrpdpokhara@gmail.com


"सचेत उपभोक्ता बनौं, आफ्नो अधिकारको प्रयोग गरौं"
"जिम्मेवार व्यवसायी बनौं, उपभोक्ताप्रतिको दायित्व निर्वाह गरौं"

उपभोक्ता हित संरक्षण अभियान :-
मेरो सहकार्य - तपाईको सहकार्य - हामी सबैको सहकार्य

"गुणस्तरीय वस्तु र सेवा उपभोक्ताको अधिकार : हामी सबैको सरोकार"

सम्पूर्ण उपभोक्ता, उत्पादक, पैठारीकर्ता, सञ्चयकर्ता, वितरक तथा विक्रेताहरूमा

## पर्यटन, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, गण्डकी प्रदेश, पोखरा

# हार्दिक अनुरोध


पर्यटन उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय,
गण्डकी प्रदेश, पोखरा, नेपाल
टेलिफोन नं. ०६१-५८९१६६/४५०८७६
Email:iccrpdpokhara@gmail.com

## "गुणस्तरीय वस्तु र सेवामा उपभोक्ताको अधिकार : हामी सबैको सरोकार"

*वस्तु र सेवा उपभोग गर्दा उपभोक्ताले ध्यान दिनुपर्ने कुराहरु*

- ★ खरिद गर्ने सामानको छनौट गर्दा विशेष ध्यान गरौं,
- ★ खरिद गरिने सामानको परिमाण, मूल्य, गुणस्तर, शुद्धता तोकिए बमोजिम छ छैन हेर्ने गरौं,
- ★ प्याकिङ्गमा उत्पादनकर्ताको नाम, ठेगाना उल्लेख छ छैन हेर्ने गरौं,
- ★ बिक्रेताको बिक्री कक्षमा मूल्य सूची राखेको छ छैन वा प्याकिङ्गमा अधिकतम खुद्रा मूल्य (MRP) उल्लेख गरिएको छ छैन हेर्ने गरौं,
- ★ प्याकिङ्गमा त्यस्तो वस्तु उत्पादन गर्दा प्रयोग भएको कच्चा पदार्थ, भण्डार र उपभोग गर्ने तरिका, तौल, उत्पादक मिति, उपभोग मिति उल्लेख छ छैन हेर्ने गरौं,
- ★ औषधी तथा औषधीजन्य पदार्थ भए सो को प्याकिङ्गमा प्रयोग गर्ने तरिका उल्लेख गरेको छ छैन हेर्ने गरौं,
- ★ उपभोग मिति नाघेको कुनै औषधी, खाद्य तथा अन्य वस्तुहरु खरिद नगरौं,
- ★ उत्पादन मिति, उपभोग मिति केरमेट गरेको वा पुन : लेवलिङ्ग वा छपाई गरेको वस्तु खरिद नगरौं,
- ★ सामान खरिद गर्दा बिल दिनु बिक्रेताको कर्तव्य हो भने बिल पाउनु उपभोक्ताको अधिकार हो, तसर्थ वस्तु तथा सेवा खरिद गर्दा अनिवार्य रुपामा बिल लिने दिने गरौं,
- ★ व्यवसाय दर्ता गरेको व्यवसायीसँग मात्र सामान खरिद गर्ने बानी बसालौं,
- ★ अखाद्य वा कमसल उपभोग्य वस्तु वा सेवाको बिक्री वितरण भएको भेटिएमा स्थानीय तह वा प्रहरी कार्यालय वा जिल्ला प्रशासन कार्यालय वा पर्यटन, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, गण्डकी प्रदेश, पोखरा, नेपालमा उजूरी गरौं ।

## उत्पादक, पैठारीकर्ता, सञ्चयकर्ता, वितरण तथा बिक्रेताले ध्यान दिनुपर्ने कुराहरु

- ★ कमसल उपभोग्य वस्तुको उत्पादन, बिक्री वितरण, निकासी वा पैठारी नगरौं,
- ★ उपभोक्तालाई झुक्याउने गरी कुनै उपभोग्य वस्तुको नक्कल नगरौं,
- ★ कुनै उपभोग्य वस्तु वा सेवालाई अर्को उपभोग्य वस्तु वा सेवा हो भनी निम्नस्तरको उपभोग्य वस्तु वा सेवालाई उच्चस्तरको उपभोग्य वस्तु वा सेवा हो भनी ढाँटी वा झुक्याई बिक्री वितरण नगरौं,
- ★ कुनै उपभोग्य वस्तु वा सेवाको प्रयोग, उपयोगिता वा प्रभावकारिताको सम्वन्धमा झुट्टा भ्रामक प्रचारप्रसार वा विज्ञापन गर्ने किसिमको अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप नगरौं,
- ★ उपभोक्ताको स्वास्थ्यमा प्रतिकुल असर पर्ने किसिमका उपभोग्य वस्तु वा सेवाको उत्पादन, पैठारी वा बिक्री वितरण नगरौं,
- ★ एकै प्रकृतिका विभिन्न व्यापारी वा व्यापारिक समूहरु मिली कुनै उपभोग्य वस्तुको अभाव सिर्जना गरी मूल्य तथा आपूर्ति व्यवस्थामा प्रतिकूल प्रभाव नपारौँ,
- ★ एक वा एक भन्दा बढी व्यापारी वा व्यापारिक समूहरु मिली खुला बजार प्रतिस्पर्धामा असर पर्ने कुनै पनि कार्य गरी मूल्यमा एकाधिकार कायम गर्ने कार्य नगरौं,

## "गुणस्तरीय वस्तु र सेवामा उपभोक्ताको अधिकार : हामी सबैको सरोकार"

- ★ कुनै सेवा प्रदान गर्ने एक भन्दा बढी व्यापरी वा व्यापारिक समूहहरुले आपसी मिलोमतोमा चक्र, कोटा, आलोपालो, खेप वा टोकन प्रणाली अपनाई सेवा सञ्चालन नगरौं,
- ★ एउटा उपभोग्य वस्तु खरिद गर्दा अर्को उपभोग्य वस्तु पनि अनिवार्य रुपमा खरिद गर्नुपर्ने गरी उपभोक्तालाई बाध्यता नपारौं,
- ★ उत्पादन कार्यमा कमसल, सडेगलेका, उपभोग मिति समाप्त भएका कच्चा पदार्थको प्रयोग नगरौं,
- ★ अखाद्य र, गलाउने, फुलाउने, आकर्षक देखाउने, अखाद्य रसायन (Chemicals) को प्रयोग नगरौं र उत्पादनस्थल सफा सुग्घर राखौँ,
- ★ अखाद्य सारयुक्त पदार्थ (Essence) को प्रयोग नगरौं,
- ★ प्याकिङ्ग गरी बिक्री गर्ने खाद्य पदार्थमा उत्पाद मिति, उपभोग मिति, खाद्य समिश्रण (Ingredient) रुपमा उल्लेख गरौं,
- ★ बिक्री स्थलमा अनिवार्य रुपमा मूल्य सूची राखौँ,

## आजको आवश्यकता:-

**उत्पादनमा गुणस्तरीयता**

**आपूर्तिमा सहजता**

**उपभोगमा विवेकशीलता**